अप्रिल 12, 2020

प्रिय JCPS परिवार:

हामी आशा गर्छौं तपाईंले सप्ताहान्तको आनन्द लिनुभयो होला र गैर-परम्परागत निर्देशन (NTI) को अर्को उत्कृष्ट हप्ताको लागि तयार हुनुहुन्छ। यो महत्वपूर्ण समयमा तपाईंको विद्यार्थीको लागि तपाईंको सहयोग र प्रतिबद्धताको लागि धन्यबाद। हामीले NTI को दोस्रो हप्ताको लागि तयारी गर्दा यहाँ याद राख्नुपर्ने केही चीजहरू छन्।

**विद्यार्थीलाई पासवर्डको सहयोग**

- यदि तपाईंलाई गुगलको कक्षाकोठामा जानको लागि तपाईंको विद्यार्थीको पासवर्ड सम्बन्धि सहयोग चाहिएमा वा यदि तपाईंसँग लगइन सम्बन्धि प्रश्नहरू भएमा, कृपया तपाईंको बच्चाको स्कूलमा सम्पर्क गर्नुहोस्।

- तपाईंको बच्चाको स्कूलमा सम्पर्क गर्दा तपाईंले सन्देश छोड्नुपर्नेछ र स्कूलबाट कसैले तपाईंलाई फिर्ता कल गर्नेछन्। कृपया सन्देश छोड्दा निम्न जानकारी प्रदान गर्नुहोस् :

  मेरो नाम ________ *(तपाईंको नाम)* हो।
  मेरो विद्यार्थीको नाम ________ *(विद्यार्थीको नाम)* हो।
  मेरो विद्यार्थी ________ ग्रेडमा छ।
  मलाई ________ *(गुगल क्लासरूममा लग ईन गर्नको लागि मेरो विद्यार्थीको पासवर्ड)* को लागि मद्दत चाहिन्छ।
  मेरो फोन नम्बर ________ *(तपाईं समक्ष पुग्नको लागि उपयुक्त नम्बर)* हो।
  मलाई फोन गर्न उपयुक्त समय ________ हो *(जब कसैले तपाईंसँग सम्भवत: कुराकानी गर्न खोज्दा)*।

**शिक्षकसँग सम्पर्क**

- यदि तपाईंको बच्चालाई उनीहरूको शिक्षक (हरू) द्वारा अहिलेसम्म सम्पर्क गरिएको छैन भने, कृपया ईमेल मार्फत शिक्षकलाई सम्पर्क गर्नुहोस् वा स्कूलमा सन्देश छोड्नुहोस् र माथिको जानकारी समावेश गर्नुहोस्।

**हामीसँग तपाईका कथाहरू साझा गर्नुहोस्!**

- हामी हाम्रा विद्यार्थीहरूलाई विशेष रूपमा NTI को बेलामा सिकाईमा संलग्न रहेको देख्न चाहन्छौं। #WeAreJCPSAtHome प्रयोग गरेर सामाजिक सञ्जालमा NTI को बेलामा तपाईको परिवारको सफलताको कथाहरू साझा गर्नुहोस्। पछिल्लो जिल्ला जानकारीको लागि फेसबुक (जेफरसन काउन्टी पब्लिक स्कूल), ट्विटर (@JCPSKY) र इन्स्टाग्राम (@JCPSKY) मा JCPS लाई फलो गर्न नबिर्सनुहोस्।

तपाईले NTI को लागि तपाईको परिवारको लागि उपयुक्त तालिका निर्धारित गर्नु भए पछि, कृपया हाम्रा शिक्षकहरू र प्रधानाध्यापकहरू तपाईको आवश्यकताहरू पूरा गर्न लचिलो हुनुहुनेछ भनेर थाहा पाउनुहोस्। तपाईं JCPS परिवारहरूले राम्रो गर्दै हुनुहुन्छ!

भवदीय,
JCPS सञ्चार